आज मिति २०८२ साल बैशाख महिनाको १४ गतेका दिन बिहान ८:०० बजे यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको ६८औ नगरकार्यपालिका बैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितीमा बसी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थितीः

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उप-प्रमुख | |
| ३ | श्री मेघराज जि.सि. | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ४ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिर बहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिरे गुरुङ्ग | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| १० | श्री खोप बहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | |
| ११ | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| १२ | श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | |
| १३ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | |
| १७ | श्री शिवा देवी के.सि. | कार्यपालिका सदस्य | |
| १८ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री केशवराज भट्टराई | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रितः

१. श्री विष्णु प्रसाद पोखेल प्रशासन शाखा प्रमुख

२. श्री दल बहादुर के.सी. अ.सि.इ.

३. श्री फन बहादुर भट्टराई का.नि.

नगरकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठक संङ्ख्या नं.: ६८
मितिः २०८२/०१/१४
समयः बिहान ८ बजे

प्रस्तावहरुः

१. अघिल्लो का.पा बैठकको समिक्षा सम्वन्धमा।
२. बालकोष स्थापना तथा संचालन कार्यविधि, २०८२ स्वीकृत सम्वन्धमा।
३. विद्यालयहरुको कक्षा थप सम्वन्धमा।
४. स्वयंसेविका यातायात खर्च सम्वन्धमा।
५. भुल्के लिफ्ट खा.पा. ट्रान्सफर्मर मर्मत सम्वन्धमा।
६. हावाहुरीबाट क्षती भएका भवनहरु सम्वन्धमा।
७. स्वर्गद्वारी नगरपालिकाको लोगो सम्वन्धमा।
८. भूमिहिन दलित, सुकुम्वासी र अव्यवस्थित वसोवासी सम्वन्धमा।
९. योजना अनुगमन प्रतिवेदन सम्वन्धमा।
१०. बहाल विटौरी कर सम्वन्धमा।
११. मध्यमकालिन खर्च संरचना सम्वन्धमा।
१२. विषयगत समिति बैठक सम्वन्धमा ।
१३. स्वरोजगार कार्यक्रम सहुलियत कर्जा नतिर्ने सम्वन्धमा।
१४. ओ.एन.एम. सम्वन्धमा।
१५. प्रदेश समपुरक र विशेष अनुदान सम्वन्धमा।
१६. विभिन्न निवेदन सम्वन्धमा।
१७. विविध।

निर्णयहरुः

निर्णय नं.(१) प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/१२/०६ गते बसेको ६७औ नगरकार्यपालिका बैठकले गरेका निर्णयहरु तथा कार्यप्रगतीका विषयमा छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णयहरु कार्यान्वयनका क्रममा भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथासिघ्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं.(२) प्रस्ताव नं. २ माथि छलफल गर्दा स्वर्गद्वारी नगरपालिका बालकोष (स्थापना तथा संचालन) कार्यविधि, २०८२ स्वीकृत गरी कार्यविधिको परिच्छेद ७ को दफा २ वमोजिम कोषको संचालन तथा व्यवस्थापन समितिमा तपसिलका नगरसभाका सदस्यहरुलाई मनोनित गर्ने निर्णय गरियो ।

तपसिलः

१. अमृता देवी बुढाथोकी
२. शारदा बुढाथोकी

स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

[illegible] अध्यक्षसे स्वर्गद्वारी नगरपालिका नगर शिक्षा समितिको मिति २०८२/०१/१० गतेको बैठकको निर्णय अनुसार यस नगरपालिकालाई थप आर्थिकभार सृजना नहुने गरी शैक्षिक शत्र २०८२ देखि यस स्वर्गद्वारी नगरपालिका वडा नं. १ मा संचालित श्री जनप्राणी प्रा.वि. कुसुण्डेलाई कक्षा ६ र वडा नं. ६ मा संचालित श्री जनसम्पर्क आ.वि. तिमिलेलाई कक्षा ७ संचालन गर्न अनुमति दिने निर्णय गरियो।

**निर्णय नं.(४)** प्रस्ताव नं. ४ माथि छलफल गर्दा महिला स्वास्थ्य स्वयंसेविकाको लागि नगरसभाबाट स्वीकृत भएको आधारमा मासिक बैठक वापत प्रति स्वयंसेविका रु १५००/- तथा मोबाइल रिचार्ज वापत प्रति स्वयंसेविका मासिक रु १५०/- दिइदै आएकोमा यस आ.व. २०८१/०८२ मा पनि निरन्तरता दिने निर्णय गरियो।

**निर्णय नं.(५)** प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका वडा नं. २ मा रहेको भुल्के लिफ्ट खा.पा.को ट्रान्सफर्मर मर्मतको लागि यस नगरपालिकामा रहेको मर्मत सम्भार कोषबाट रु ४,५०,०००/- चार लाख पचास हजार खर्चहुने गरी ट्रान्सफर्मर मर्मत गर्ने निर्णय गरियो।

**निर्णय नं.(६)** प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाका विभिन्न वस्तीहरुमा विभिन्न मितिमा हावाहुरीबाट क्षती भएका तपसिलका निवेदकहरुलाई आर्थिक सहायता मापदण्ड सम्बन्धी कार्यविधि अनुसार विपद व्यवस्थापन कोषबाट राहत प्रदान गर्ने निर्णय गरियो।

तपशिलः

| क्र.स. | निवेदक | ठेगाना | क्षतीको विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | विजय दिवान पटहवा | स्व.न.पा-२, धरमपानी | हावा हुरीको कारण घरको छाना उडाएको | |
| २ | राधिका खत्री क्षेत्री | स्व.न.पा-१, घुम्ने वेसी | हावाहुरीका कारण घरको छाना उडाएको | |
| ३ | सिता सुनार | स्व.न.पा-९, ढाँडपोखरा | हावाहुरीका कारण घरको छाना उडाएको | |
| ४ | तिल वहादुर ठेडी मगर | स्व.न.पा-९, जुडापाटा | हावाहुरीका कारण घरको छाना उडाएको | |
| ५ | पवित्रा देवी पुन मगर | स्व.न.पा-९, डाँडागाउँ | हावाहुरीका कारण घरको छाना उडाएको | |

हावाहुरीको कारण संस्थाहरुमा भएको क्षतीको विवरणलाई थप अध्ययन गरि अर्को कार्यापालिका बैठकबाट आवश्यक निर्णय लिने निर्णय गरियो।

**निर्णय नं.(७)** प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको यस अघिको कार्यपालिका बैठकबाट थप परिमार्जनको लागि पठाईएको लोगो आवश्यक परिमार्जन सहित प्राप्त भएकोले अनुमोदनको लागि १७औं नगरसभासमक्ष पेश गर्ने निर्णय गरियो।

CamScanner

निर्णय नं.(८) प्रस्ताव नं. ८ माथि छलफल गर्दा भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको विभिन्न वडाहरुबाट संकलन भएका निवेदनहरु माथि थप अध्ययन गरी अगामी कार्यपालिका बैठकबाट प्रमाणीकरण गर्ने निर्णय गरियो।

निर्णय नं.(९) प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका योजना तथा अनुगमन शाखा प्रमुख ऋषिकेश भण्डारीले प्रस्तुत गर्नुभएको मिति २०८१ श्रावण देखि चैत्र सम्मको योजना अनुगमन प्रतिवेदन माथि छलफल गरी देखिएका त्रुटीहरुमा आवश्यक सुधार गर्ने निर्णय गरियो।

निर्णय नं.(१०) प्रस्ताव नं. १० माथि छलफल गर्दा बहाल बिटौरी कर सम्बन्धी प्रतिवेदन माथि थप अध्ययन गरी अर्को कार्यपालिका बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं.(११) प्रस्ताव नं. ११ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को मध्यमकालीन खर्च संरचना तर्जुमा तयार गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तीन सदस्य रहेको कार्यदल गठन गर्ने निर्णय गरियो।

तपशिलः

| | | |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २. | विषयगत शाखा प्रमुखहरु सबै | सदस्य |
| ३. | योजना तथा अनुगमन शाखा प्रमुख | सदस्य सचिव |

कार्यदलले आवश्यकताअनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

निर्णय नं.(१२) प्रस्ताव नं. १२ माथि छलफल गर्दा आगामी आ.व को निम्ति मध्यमकालीन खर्च संरचना तथा वार्षिक नीति कार्यक्रम तयारीको लागि विषयगत समितिको बैठक बस्ने निर्णय गरियो।

निर्णय नं.(१३) प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नगरपालिका र नेपाल बैंक लि. भिंग्री शाखा बीच भएको सहुलियतपूर्ण कर्जा सम्झौता बमोजिम यस स्वर्गद्वारी नगरपालिका वडा नं. ९ (हाल लमही नगरपालिका वडा नं. २, दाङ) बस्ने कुन्त बहादुर सुनारले कर्जाको साँवा र ब्याजको किस्ता भुक्तानीमा अनियमितता गरी खराब कर्जामा गईसकेको र कर्जा ग्राहक बैंकको सम्पर्कमा नरहेकोले समन्वय गरिदिनुहुन वा यस पालिकाको नेपाल बैंकमा रहेको खाताबाट खर्च गरी भुक्तानी अनुमती मागेकोले निज ऋणी र निजको एकाघरको परिवारको नाममा रहेको घरजग्गा रोक्का राख्नको लागि सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो।

निर्णय नं.(१४) प्रस्ताव नं. १४ माथि छलफल गर्दा प्रस्ताव नं. १४, १५, १६ र १७ आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो।

अन्त्यमा आजको ६८औं कार्यपालिका बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ उपदफा (२) को खण्ड (ज) बमोजिम नगर कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।

............................................

(केशविराज भट्टराई)

प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८२ साल वैशाख महिनाको १५ गतेका दिन बिहान १० बजे यस स्वर्गद्वारी नगरपालिका नगरकार्यपालिकाको ६९औ बैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितिमा बसी तपशिल बमोजिमको निर्णय गरियो ।

<u>उपस्थिति:</u>

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उप-प्रमुख | |
| ३ | श्री मेघराज जि.सी. | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ४ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिर वहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिरे गुरुङ्ग | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| १० | श्री खोप वहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | |
| ११ | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| १२ | श्री पुरुषोत्तम वराली | कार्यपालिका सदस्य | |
| १३ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | |
| १७ | श्री शिवा देवी के.सी. | कार्यपालिका सदस्य | |
| १८ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री केशवराज भट्टराई | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रीत:

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख | |
| २ | श्री [illegible] | योजना शाखा | |
| ३ | श्री बलराम श्रेष्ठ | को. सि | |

[illegible] / बहुमत अल्पमत को आधारमा योजना सिफारिस गर्दा निर्णयहरु भएकोले उपस्थित हुँदाहुँदै पनि उपस्थिति जनाउन नचाहिएको। ~~[illegible]~~

सुवर्ण कुमार श्रेष्ठ

नगरकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठक संङ्ख्या नं.: ६९
मिति: २०८२/०१/१५
समय: विहान ८ बजे

प्रस्तावहरुः

१. अघिल्लो का.पा बैठकको समिक्षा सम्वन्धमा

२. ओ.एन.एम. सम्बन्धमा ।

३. प्रदेश समपुरक र विशेष अनुदान सम्बन्धमा ।

४. विभिन्न निवेदन सम्बन्धमा ।

५. विविध

क) अङ्ग्रेजी पठन-पाठन अनुमती सम्बन्धमा ।

ख) ढुङ्गा, गिट्टी, वालुवा उत्खनन बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ कार्यदल गठन सम्बन्धमा ।

ग) हुमा नेपालीको हावाहुरीबाट भएको क्षेती सम्वन्धमा ।

घ) लामाचौर लिफ्ट खानेपानी तथा सरसफाई योजनाको मर्मत सम्वन्धमा ।

ङ) भु-वर्गीकरण योजना सम्झौता सम्बन्धमा ।

निर्णयहरुः

निर्णय नं.(१) प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०१/१४ गते बसेको ६७औं नगरकार्यपालिका बैठकले गरेका निर्णयहरु तथा कार्यप्रगतीका विषयमा छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयनका क्रममा भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथासिघ्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.(२) प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय निजामती नियमावली, २०८१ को परिच्छेद-३ दफा १३(१) बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षणको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा नियमावलीले तोके बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं.(३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रदेश सरकार तर्फको समपुरक अनुदान र विशेष अनुदानबाट प्राप्त हुने बजेटवाट आगामी आ.व.२०८२/०८३ मा यस नगरपालिका अन्तर्गत संचालन हुने तपशिल बमोजिमका योजना तथा कार्यक्रम देहाय बमोजिमको प्राथमिकताक्रम सहित स्वीकृतीका लागि सिफारिस गरी पठाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

तपशिलः

क) प्रदेश समपुरक अनुदान तर्फको बजेटबाट संचालन हुने योजना तथा कार्यक्रमहरु

| क.स. | योजना तथा कार्यक्रमको नामठेगाना , | डि.पि.आर अनुसार कूल लागत रु. | कैफियत |
|---|---|---|---|
| १ | भिंग्री, धनबाङ, स्वर्गद्वारी धरमपानी कोचिवाङ गाएखर्क सडक स्तरउन्नती स्व.न.पा १, २ र ५, प्यूठान | ४,०२,८९,२९१.१८। | |
| २ | दङ्गालखोला बेलवास भालुखोला सिक्रे सिंचाई कुलो आयोजना स्व.न.पा ६ र ७, प्यूठान | २,९९,८२,२६४। | |

ख) प्रदेश विशेष अनुदान तर्फको बजेटबाट संचालन हुने योजना तथा कार्यक्रमहरु

| क.स. | योजना तथा कार्यक्रमको नाम, ठेगाना | डि.पि.आर अनुसार कूल लागत रु. | कैफियत |
|---|---|---|---|
| १ | झोल सारीकोट खानेपानी आयोजना स्व.न.पा ५, प्यूठान | २५ लाख | |
| २ | गोठिबाङ खानेपानी (स्कीम नं. १ पुन्दीप) आयोजना स्व.न.पा ९, प्यूठान | २५ लाख | |
| ३ | ठूलीचौर खानेपानी योजना स्व.न.पा ८, प्यूठान | ३० लाख | |

निर्णय नं.(४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा उक्त प्रस्तावलाई अर्को कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं.(५) विविध (क) प्रस्ताव नं. ५ विविध (क) माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका
नगर शिक्षा समितिको मिति २०८२/०१/१० गते बसेको बैठकको निर्णय अनुसार यस स्वर्गद्वारी
नरपालिका वडा नं. ७ मा रहेको श्री जनज्योती प्रा.वि रातामाटालाई यस पालिकालाई थप आर्थिक भार
नपर्ने गरी शैक्षिक शत्र २०८२ साल देखि कक्षा १ मा अङ्ग्रेजी माध्यमबाट पठन-पाठन गर्नको लागि
अनुमती दिने निर्णय गरियो ।

निर्णय नं.(५) विविध (ख) प्रस्ताव नं. ५ विविध (ख) माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाले
ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन कार्य वातावरणीय अध्ययन प्रतिवेदन अनुसार भए नभएको नियमित अनुगमन
गर्न ढुङ्गा, गिट्टी, बालुवा उत्खनन बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम तपशिलका
सदस्यहरु रहने गरी एक कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपशिलः

१. भौतिक पूर्वाधार शाखा प्रमुख- संयोजक

CamScanner

२. योजना तथा अनुगमन शाखा - सदस्य

३. राजश्व शाखा - सदस्य सचिव

निर्णय नं.(५) विविध (ग) प्रस्ताव नं. ५ विविध (ग) माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका वडा नं. ९ मा रहेको लामाचौर लिफ्ट खानेपानी योजनामा विद्युतीय तार जाली मर्मतको लागि यस नगरपालिकाको विपद व्यवस्थापन कोषबाट रु ३५,०००/- पैतिस हजार सहयोग गर्ने निर्णय गरियो।

निर्णय नं.(५) विविध (घ) प्रस्ताव नं. ५ विविध (घ) माथि छलफल गर्दा यस संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय तह समन्वय शाखाको मिति २०८१/०२/२७ को पत्रसाथ कार्यान्वयको लागि पठाईएको भु-उपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८१ को लागि स्वीकृत वार्षिक कार्यक्रम बमोजिम नगरपालिकाबाट आह्वान भएको आर्थिक तथा प्राविधिक प्रस्ताव बमोजिम सारभूत रुपमा प्रभावकारी र न्यूनतम मूल्याङ्कित भएको ईन्स्टिच्युट अफ हिमालयन रिसर्च एण्ड ईन्टिग्रेट डेभलेपमेन्ट प्रा.लि. काठमाडौ संग आगामी आ.व मा यथा सम्भव छिटो भु उपयोग योजनाको प्रतिवेदन बुझाउने गरी सम्झौता गरी नगरपालिका क्षेत्र भित्रको भु-वर्गीकरणको गर्ने निर्णय गरियो ।

अन्त्यमा आजको ६९औं कार्यपालिका वैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ उपदफा (२) को खण्ड (ज) बमोजिम नगर कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।

.............................

(केशवराज भट्टराई)

प्रमुख प्रशासकीय अधिकृत

स्वर्गद्वारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
२०७३